# संग्रहालय संचालन सम्बन्धी स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार ।

# संग्रहालय संचालन सम्बन्धी स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७

**प्रस्तावना**

विश्वभरमा नै कोभिड-१९ को महामारीका कारण सबै क्षेत्रमा प्रभाव परिरहेको वर्तमान अवस्थामा पर्यटकीय गन्तव्यको एक प्रमुख केन्द्रको रुपमा रहेको संग्रहालयलाई जोखिम न्युनिकरणका सवै सावधानीका माध्यमहरु अपनाएर अवलोकनर्ताहरुलाई विद्यमान अवस्थामा संग्रहालय अवलोकन गर्ने वातावरण तयार गर्ने सम्बन्धमा यो मापदण्ड, २०७७ तर्जुमा गरिएको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो मापदण्डको नाम "संग्रहालय संचालन सम्बन्धी स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७" रहेको छ ।

ख) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

क) "संग्रहालय" भन्नाले नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत संचालित सबै संग्रहालयहरु भन्ने बुझ्नुपर्दछ ।

ख) "कोभिड-१९" भन्नाले विश्व स्वास्थ्य संगठनले परिभाषित गरेको परिभाषालाई बुझ्नुपर्दछ ।

ग) "भ्रमण तथा अवलोकन" भन्नाले ज्ञान आर्जन वा मनोरन्जनको उद्देश्य लिएर संग्रहालयमा आउने स्वदेशी तथा विदेशी व्यक्तिहरुद्धारा गरिने अवलोकन भ्रमणलाई बुझ्नुपर्दछ ।

## परिच्छेद- २ अवलोकनकर्ता/ दर्शकको दायित्व

### ३. अवलोकनकर्ता/दर्शक

क) दर्शकहरुको हकमा व्यक्तिको विवरण खुल्ने परिचयपत्र साथमा संलग्न हुनुपर्नेछ ।

ख) संग्रहालय अवलोकन गर्न आउने दर्शक एंव कर्मचारीहरुले नेपाल सरकारले जारी गरेको सूचनालाई अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

## परिच्छेद- ३ अवलोकन प्रकृया

### ४. अवलोकनको प्रक्रिया

क) अवलोकन प्रक्रिया यस मापदण्डको आधारमा संग्रहालयले आवश्यक थप आचार संहिता तयार गरी अवलोकन कार्यलाई थप व्यबस्थित गर्न सक्नेछ ।

ख) कोभिड-१९ पूर्ण रुपमा नियन्त्रण नभएसम्मका लागि साठ्ठी वर्ष भन्दा माथिका र दश वर्षभन्दा मुनिका व्यक्तिहरुलाई संग्रहालय अवलोकनको लागि विशेष/सुरक्षित रुटबाट अनुमति दिने ।

ग) ठूलो संख्यामा एकैपटक संग्रहालय अवलोकनका लागि आउने विद्यालय, विश्वविद्यालय, विभिन्न संघसंस्थाहरुले संग्रहालय अवलोकन गर्न आउने समय, मिति र संख्या सहितको सम्भव भएसम्म पूर्व जानकारी संग्रहालयमा दिई फोन/इमेल/पत्रमार्फत् स्वीकृति लिई अवलोकन गर्न आउने व्यवस्था मिलाउने ।

घ) भीडभाड हुन नदिई निश्चित संख्या तोकेर मात्र संग्रहालय भित्र प्रवेश गराइने।

ङ) सामाजिक दूरी कायम गरि संग्रहालय पथप्रर्दशक मार्फत् अवलोकन गराइने ।

च) Digital Publication को पहुँच विस्तार गर्ने ।

छ) Publication कार्यलाई Online विक्रि वितरण गर्ने ।

ज) Online Ticket Booking र Online प्रतिमूर्ति (Replica) विक्रि वितरण गर्ने ।

झ) दर्शकले दफा ३ (क) बमोजिम देखाउनका लागि पेश गरेको कागजातको प्रतिलिपि वा स्कयान कपी संग्रहालयले आफ्नो खर्चमा बनाई त्यसको शिलशिलेवार अभिलेख राख्ने ।

## परिच्छेद-४ स्वास्थ्य जाँच डेस्कको व्यबस्था

### ५. स्वास्थ्य जाँच डेस्क

क) आवश्यकता अनुसार स्वास्थ्यकर्मीको व्यवस्था गरी संग्रहालय अवलोकन गर्न आउने दर्शक तथा कार्यालयका कर्मचारीको स्वास्थ्य चेकजाँच गर्ने ।

ख) परिस्थिति अनुसार व्यक्ति, भवन तथा भौतिक सामाग्रीहरुको निर्मलीकरण गर्न आवश्यक व्यवस्था गर्ने।

ग) कर्मचारीको व्यक्तिगत स्वास्थ्य तथा भौतिक सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने ।

घ) सरसफाई तथा निर्मलीकरणका केमिकल, सेनिटाइजर, साबुनपानी आदिको प्रबन्ध गर्ने ।

ङ) व्यक्तिगत सुरक्षाका लागि संग्रहालयमा खटिने कर्मचारीका लागि पञ्जा, माक्स, सेनिटाइजर, साबुनपानी, सुरक्षा पोशाक आदिको व्यवस्था गर्ने ।

## परिच्छेद- ५ सूचना प्रवाहको प्रबन्ध

### ६. सूचना प्रवाह

क) यस मापदण्ड जारी भएको सूचना संग्रहालयको Website/Audio Information र सामाजिक सञ्जाल आदिबाट प्रवाह गर्ने ।

ख) संग्रहालय अवलोकन गर्न आउने दर्शकहरुलाई आफू संग्रहालय अवलोकन गर्न के के कुराको पालना गर्नुपर्छ भन्ने जानकारी दिन संग्रहालयको मूलगेटमा Digital Display Board मार्फत् सूचना प्रवाह गर्ने ।

## परिच्छेद -६ अवलोकनकर्ताको व्यबस्थापन

### ७. अवलोकनकर्ताका लागि आवश्यक व्यबस्था

क) अवलोकनकर्ताका लागि सामाजिक दुरी कायम गरि टिकट Counter मा टिकट विक्रि गर्ने व्यवस्था मिलाउने । यस क्रममा सम्वन्धित स्थानीय तहसंग समन्वय र सहकार्य गर्ने ।

ख) टिकट भुक्तानीको लागि सकेसम्म Digital Online Payment को प्रयोगलाई अगाडि बढाउने ।

ग) अवलोकनकर्ता लागि टिकट काट्दा नै संग्रहालयमा व्यतित गर्न सक्ने समयसीमा तोकिदिने ।

घ) अवलोकनकर्ताको भिड नियन्त्रण गर्न कम्तीमा एकपटकमा २० जना सम्म संग्रहालय भवनमा प्रवेश गर्ने वातावरण मिलाउने र तिनीहरुलाई पनि कम्तिमा ३ फिट (एक मिटर) को दुरीमा अवलोकन गर्ने वातावरण मिलाउने। अवलोकनकर्ताले माक्स अनिवार्य प्रयोग गरेको हुनुपर्ने ।

ङ ) अवलोकनकर्तालाई संग्रहालय प्रवेश गर्नु अगाडि स्यानिटाइजर प्रयोग गर्न लगाउने र ज्वरो नाप्ने, १००.४ डिग्री फरेनहाईट भन्दा वढी ज्वरो मापन भएमा संग्रहालय प्रवेशमा रोक लगाउने व्यबस्था मिलाउने ।

## परिच्छेद - ७ कार्यरत कर्मचारीको सुरक्षा व्यवस्था

८. कर्मचारीहरुका लागि आवश्यक सुरक्षा व्यवस्था

(क) दैनिक प्रशासन सम्वन्धी कार्यहरु जस्तै कर्मचारीहरुको दैनिक हाजिरी , दर्शकहरुको इन्ट्री , Ticketing आदि कार्य Electronic माध्यमबाट गर्ने वातावरण तयार गर्ने ।

ख) Digital Exhibition सेवाको माध्यमलाई प्राथमिकतामा राखी कार्यक्रम तयार गर्ने ।

ग) पथप्रर्दशक जनशक्तिलाई प्रभावकारी रुपमा परिचालन गर्ने गरी आवश्यकतानुसार थप जनशक्तिको व्यबस्था गर्ने ।

घ) कर्मचारीहरुका लागि बेला बेलामा हात धुने ठाउँ, स्यानिटाइजर र माक्स प्रयोग गर्ने र संग्रहालय प्रवेश गर्नु अगाडी ज्वरो नाप्ने व्यबस्था मिलाउने ।१००.४ डिग्री फरेनहाईट भन्दा वढी ज्वरो मापन भएमा उक्त कर्मचारीलाइ ज्वरो कम नभएसम्मका लागि नियमानुसार विदा बस्न पठाउने ।

## परिच्छेद- ८ मापदण्ड मार्गदर्शनको रुपमा रहने

प्रचलित कानून र व्यवस्था बमोजिम विभिन्न संघसंस्था र निजी प्रयासमा संचालित संग्रहालयहरुको लागि यो मापदण्ड मार्गदर्शनको रुपमा रहने छ ।

## परिच्छेद- ९ गुनासो व्यवस्थापन र अनुगमन व्यवस्था

(क) संग्रहालयबाट प्रवाह गरिएको सेवा र व्यवस्थापनका सम्बन्धमा सेवाग्राहीको गुनासो वा उजुरी भएमा कार्यालय प्रमुखलाई जानकारी गराउन सकिनेछ । यसका साथै संग्रहालयले गुनासो पेटिकाको प्रबन्ध गर्नुपर्नेछ । यसरी प्राप्त गुनासो उपर समयमै सम्बोधन गर्नु सम्बन्धित संग्रहालयको कर्तव्य हुनेछ ।

(ख) यस मापदण्ड अनुरुप कार्य सम्पादन भए/नभएको सम्बन्धमा पुरातत्व विभागले अनुगमन गर्नेछ ।

## परिच्छेद- १० बाधा अड्काउ फुकाउने अधिकार

यो मापदण्ड कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई परी कार्यान्वयन गर्न बाधा उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ ।